निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL


प.सं. च.नं./Ref: ES1066106E

मितिः२०७८/०१/०७

विषय :- २०७७ माघ, फागुन र चैत्र महिनासम्मको त्रैमासिक प्रगति विवरण सम्बन्धमा ।

२०७७ माघ, फागुन र चैत्र महिनासम्म निर्वाचन आयोगबाट सम्पादित देहायका कार्यहरुको विवरण सबैको जानकारीको लागि सार्वजानिक गरिएको छ ।

१. आयोगको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको ।

२. प्रतिनिधि सभा सदस्य निर्वाचन २०७८ का सन्दर्भमा अर्थ मन्त्रालयको समन्वयमा दातृ निकाय एवम् विकास साझेदार संस्थाहरुसँग अन्तरक्रिया गरिएको ।

३. आयोगबाट मिति २०७७।०९।१६ मा स्वीकृत भएको मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७७ को अनुसूची-२ (दुई) आयोगको मिति २०७७।१०।०७ को निर्णयबाट संशोधन भएको हुँदा संशोधित अनुसूची अनुसार कार्यान्वयन हुन ७७ वटै जिल्ला निर्वाचन कार्यालयमा पत्राचार गरिएको ।

४. आयोगमा मिति २०७७।१०।०२ गते बसेको मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७७ को "केन्द्रीय समन्वय तथा अनुगमन समिति" को बैठकको निर्णय कार्यान्वयनका लागि गृह मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाईएको ।

५. सबै जिल्ला निर्वाचन कार्यालयबाट पुनरावलोकन गरिएको मतदान स्थल तथा मतदान केन्द्र सम्बन्धी विवरण प्राप्त गरी एकिकृत विवरण तयार गरिएको ।

६. प्रतिनिधि सभा सदस्य निर्वाचन निर्देशिका, २०७७ सम्बन्धी प्रारम्भिक मस्यौदा तयार भैरहेको ।

७. ७७ वटै जिल्ला निर्वाचन कार्यालयहरुसँग निरन्तर सम्पर्क तथा समन्वय भैरहेको ।

८. सूचनाको हक सम्बन्धी ऐनमा भएको व्यवस्था बमोजिम प्रत्येक कार्यालयले सार्वजनिक गर्नु पर्ने कार्यालयका गतिविधि सम्बन्धी जानकारी (**Proactive disclosure**) आर्थिक वर्ष २०७७।०७८ को दोस्रो त्रैमासिक प्रतिवेदन आयोगको वेभ साइटमा प्रकाशित गरिएको साथै मन्त्रालयको माग अनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाइएको ।

९. सूचना तथा प्रसारण विभागबाट प्रकाशित हुने २०७८ सालको क्यालेण्डरमा निर्वाचन दिवस उल्लेख गर्ने निरन्तरताका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल राजपत्रमा प्रकाशन हुने २०७८ सालको दिवसहरुमा उल्लेख गर्नका लागि गृह मन्त्रालयमा पत्राचार गरिएको ।

१०. मतदाता नामावली अद्यावधिक (दाबी विरोध सहित) कार्यक्रम, २०७८ सम्बन्धमा मतदाता लगायत निर्वाचनका सरोकारवालाहरुलाई सूचित गर्न आयोगको सचिवस्तरीय निर्णयबाट स्वीकृत भएको सूचना सबै जिल्ला निर्वाचन कार्यालयहरुमा पठाइएको ।

११. सूचना अधिकारी मार्फत दिईने सूचना निरन्तररुपमा प्रदान गरिएको ।

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

१२. आयोगको मिति २०७७/१०/७ को निर्णयानुसार नेपाली काँग्रेस पार्टीबाट निर्वाचित हुनुभएका प्रदीप साङपाङ निर्वाचित भएको इलाम जिल्ला माङसेबुङ गाउँपालिका वडा नं. ६ को वडा अध्यक्ष, श्रीमती भालसैरदेवी सदा निर्वाचित भएको सिरहा जिल्ला औरही गाउँपालिका वडा नं. २ का दलित महिला सदस्य, रामप्रताप राम निर्वाचित भएको सिरहा जिल्ला औरही गाउँपालिका वडा नं. २ को कार्यपालिका सदस्य र लक्ष्मी मेहता निर्वाचित भएको सुनसरी जिल्ला इनरुवा नगरपालिका वडा नं. २ को वडा सदस्य पद स्वतः रिक्त भएको सूचना मिति २०७७/१०/९ गतेको गोरखापत्रमा प्रकाशित भएको र निर्णयको जानकारी सम्बन्धित जिल्ला निर्वाचन कार्यालय तथा नेपाली काँग्रेस पार्टीलाई समेत दिइएको।

१३. आयोगको मिति २०७७/१०/७ को निर्णयानुसार आयोगमा दर्ता कायम रहेको "राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल" नामक राजनीतिक दलका केन्द्रीय समितिका सदस्यहरुको विवरण राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम हेरफेर गर्ने तथा सोही ऐनको दफा ५१ को उपदफा (२) बमोजिम संशोधन र अभिलेखीकरण गरी सोको जानकारी सम्बन्धित दललाई दिइएको।

१४. आयोगको मिति २०७७/१०/७ को निर्णयानुसार आयोगमा दर्ता कायम रहेको गणतान्त्रिक पार्टी नामक राजनीतिक दलको नाम र अन्य विवरण राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली २०७४ को नियम २५ बमोजिम परिवर्तन गरी नयाँ पार्टी नेपाल कायम गरी सोही ऐनको दफा ५१ को उपदफा (२) बमोजिम संशोधन गरी अभिलेखीकरण गरी सोको जानकारी सम्बन्धित दललाई दिइएको।

१५. आयोगको मिति २०७७/१०/९ को निर्णयानुसार "सचेत नेपाली पार्टी" नामक नयाँ राजनीतिक दल दर्ता भएको।

१६. आयोगबाट मिति २०७७/१०/११ मा आयोगबाट नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का दुवै अध्यक्षबाट पेश भएका कागजातहरु अध्ययन र जाँचबुझ गर्दा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१, राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ र ऐ. नियमावलीको अनुसूची- १८ बमोजिमका कानूनी व्यवस्थाको विधि तथा प्रक्रिया पुऱ्याई विवरण परिवर्तन, संशोधन वा हेरफेरका लागि लेखी आएको नदेखिएकोले र ऐ. नियमावलीको नियम २५ को उपनियम (५) बमोजिम त्यस्तो विवरणमा आयोग सन्तुष्ट हुन नसकेकोले नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को कुनै पनि विवरण परिवर्तन, संशोधन वा हेरफेर हुन सक्ने देखिएन भन्ने समेत व्यहोराको निर्णय भएको र सो बमोजिम "निर्णयको जानकारी गराइएको सम्बन्धमा" भन्ने विषयको पत्र मिति २०७७/१०/१२ मा नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष द्धय के पी शर्मा ओली र पुष्पकमल दाहाल "प्रचण्ड" लाई पठाइएको।

१७. नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष द्वय के पी शर्मा ओली र पुष्पकमल दाहाल "प्रचण्ड" संग मिति २०७७/१०/१६ गते आगामी निर्वाचनका सम्बन्धमा आयोगमा छलफल गर्नको लागि पत्राचार गरिएको।

१८. आयोगको मिति २०७७/१०/२८ को निर्णयानुसार आयोगमा दर्ता कायम रहेको नेपाल लोकतान्त्रिक पार्टी नामक राजनीतिक दलको झण्डा, छाप र केन्द्रीय समितिका सदस्यहरुको हेरफेर सम्बन्धी विवरण राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली २०७४ को नियम २५ बमोजिम परिवर्तन गरी सोही ऐनको दफा ५१ को उपदफा (२) बमोजिम संशोधन र अभिलेखीकरण गरी सोको जानकारी सम्बन्धित दललाई दिइएको।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

१९. निर्वाचन आचार संहिता, २०७७ को मस्यौदा सम्बन्धमा छलफल गर्नको लागि मिति २०७७/१०/२८ मा संघ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई पत्राचार गरिएको।

२०. राजनीतिक दलको स्वमूल्यांकन कार्यविधि, २०७७ को मस्यौदा उपर छलफल भइरहेको।

२१. राजनीतिक दल दर्ता तथा वित्त व्यवस्थापन सूचना प्रविधि प्रणाली सम्बन्धी कार्यविधि, २०७७ को मस्यौदा उपर छलफल भइरहेको।

२२. निर्वाचन आचारसंहिता, २०७७ को मस्यौदा उपर छलफल भइरहेको।

२३. रिट निवेदक तिलक पुन विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-Wo-०६८१ को उत्प्रेषण मुद्दाको लिखित जवाफ मिति २०७७/१०/२६ मा महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।

२४. रिट निवेदक तिल बहादुर फगामी विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-Wo-०६८० को उत्प्रेषण मुद्दाको लिखित जवाफ मिति २०७७/१०/२६ मा महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।

२५. दैनिक आर्थिक कारोबार तथा मासिक प्रतिवेदनहरू तयार गरी सम्बन्धित निकायमा पेश गरिएको ।

२६. वित्तीय सुधार तथा बेरुजु फछ्यौंट कार्यान्वयन र अनुगमन कार्यक्रममा भएको व्यवस्था अनुसारको बेरुजु फछ्यौंट कार्यलाई निरन्तरता दिई अन्तर्गतका निकायहरूमा बेरुजु फछ्यौंट गर्ने गराउने सम्बन्धमा निरन्तर निर्देशन दिने कार्य जारी राखिएको ।

२७. प्रतिनिधिसभा सदस्य निर्वाचन २०७८ सञ्चालन तथा व्यवस्थापनको लागि जिल्ला निर्वाचन कार्यालय ७७ लाई पहिलो चरणमा बजेट निकासा पठाइ सकिएको ।

२८. म.ले.प.बेरुजु तर्फ आ.व.०७६-७७ सम्मको बाँकी बेरुजु रु.२४९११७ हजार मध्ये २०७७ माघ मसान्तसम्ममा रू. ५०२८४ हजार सम्परीक्षणको लागि अनुरोध भइ गएकोमा रू. १३५९ हजार सम्परीक्षण भई ०.५६ प्रतिशत प्रगति भएको ।

२९. मतदाता नामावली सम्बन्धि विवरणहरु CVLA Server मा integration सम्बन्धी कार्य गरे पश्चात दोहोरो देखिएका विवरणहरु हटाउने तथा अध्यावधिक सम्बन्धि कार्य सम्पन्न गरे पश्चात सो मतदाता नामावली सम्बन्धि विवरणहरु मतदाता नामावली अध्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७७ को लागि जिल्लागत रुपमा तयार गरिएको PDF file सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरुमा पठाईएको|

३०. मतदाता नामावली सम्बन्धि विवरणहरु CVLA Server मा integration सम्बन्धी कार्य गरे पश्चात दोहोरो देखिएका विवरणहरु हटाउने तथा अध्यावधिक सम्बन्धि कार्य सम्पन्न गरे पश्चात सो मतदाता नामावली सम्बन्धि विवरणहरु जिल्लागत रुपमा छुट्टाइ सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरुमा पठाईएको |

३१. आयोगको नेटवर्क सुधार गर्नको लागि WiFi AP खरिद कार्यको लागि TOR र Specification कागजात तयार गरिएको |

३२. आयोगको इन्टरनेट तथा सूचना प्रविधि सम्बन्धी प्रणाली तथा उपकरणहरुको नियमित मर्मत सम्भार तथा संचालन सम्बन्धी कार्य |


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

३३. जिल्ला निर्वाचन कार्यालयहरुमा DCA, DVLA, IEMS हरुमा देखिएका समस्याहरु समाधान गर्न प्रविधिक सहयोग प्रदान गरिएको ।

३४. अर्धवार्षिक बजेट कार्यान्वयन सम्बन्धमा अर्थ मन्त्रालयलाई पत्राचार गरिएको ।

३५. नियमित प्रशासनिक काम कारवाही जस्तै : परिपत्र, काज, बिदा, सरुवा, रमाना, पदस्थापन, सरुवा सहमति, महाशाखा/शाखा तोक्ने, अधिकार प्रत्यायोजन, नियमित अनिवार्य अवकाश, सवारी अनुमति, आर्थिक अख्तियारी, स्तर वृद्धि, सेवा करार लगायतका विषयमा आईपरेका आवश्यक काम कारवाही गरिएको ।

३६. प्रतिनिधि सभा सदस्य निर्वाचन निर्देशिका, प्रतिनिधि सभा सदस्य निर्वाचन (मतदान) निर्देशिका र प्रतिनिधि सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७७ सम्बन्धी प्रारम्भिक मस्यौदा तयार गरी अन्तिम मसौदा तयार गरिएको ।

३७. जिल्ला मतदान स्थल तथा मतदान केन्द्रबाट आंशिक मतदातालाई सारी नयाँ मतदान स्थल कायम गर्न सिफारिस गरिएको सम्बन्धमा मतदान स्थल तथा मतदान केन्द्र निर्धारण समन्वय समितिको मिति २०७७।११।१८ को निर्णयानुसार मतदान स्थल थप्नुपर्ने आधार र कारण खुलाई पठाउन विभिन्न ३९ वटा जिल्ला निर्वाचन कार्यालयमा पत्राचार गरिनुको साथै केहि जिल्लामा स्थलगत अनुगमनको लागि आयोगबाट कर्मचारी खटाई पठाइएको ।

३८. मतदान स्थल तथा मतदान केन्द्र निर्धारण समन्वय समितिको मिति २०७७।११।१८ गतेको निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालयमा पत्राचार गरिएको ।

३९. आयोगको मिति २०७७/११/११ को निर्णयानुसार "नेशनलिष्ट पिपल्स पार्टी" नामक नयाँ राजनीतिक दल दर्ता भएको।

४०. आयोगको वैठक संख्या ५३ मिति २०७७/११/२५ मा मिति २०७७/११/२३ को सम्मानित सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्ने निर्णय भएको।

४१. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई आएको "नेशनलिष्ट पिपल्स पार्टी" नामक नयाँ दल दर्ता भएको सूचना मिति २०७७।११।१७ मा नेपाल राजपत्रमा प्रकाशन भएको।

४२. सर्वोच्च अदालतको आदेश बमोजिम "नेपाल कम्युनिष्ट पार्टी (एमाले)" र "नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)" नामक राजनीतिक दलहरु एकीकरण गरी "नेपाल कम्युनिष्ट पार्टी (ने क पा)" को दर्ता कायम गरेको सूचना बदर गरी निर्वाचन आयोगमा साविकमा राजनीतिक दलको रुपमा दर्ता कायम रहेका नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) अलग अलग राजनीतिक दलको रुपमा साविककै अवस्थामा कायम भएको भन्ने समेत व्यहोराको सूचना २०७७/११/२५ मा राजपत्रमा प्रकाशन भएको।

४३. रिट निवेदक हरि साङपाङ र विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-Wo-७३७ तथा निशान्त बाबु खड्का र विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-Wo-०६८० को उत्प्रेषण मुद्दाको लिखित जवाफ मिति २०७७/११/२३ मा महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।

४४. मिति २०७७/११/२५ को सर्वोच्च अदालतको फैसला कार्यान्वयनको लागि निर्णय भएबमोजिमको व्यहोराको पत्र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) का अध्यक्ष श्री केपी शर्मा ओली, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष श्री पुष्पकमल दाहाल "प्रचण्ड" लाई, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष गोपाल किराँतीलाई, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) का अध्यक्ष श्री


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. Ref:

सन्ध्या तिवारीलाई, संघीय संसद सचिवालय, काठमाण्डौ, सातवटै प्रदेश सभा सचिवालय र सबै जिल्ला निर्वाचन कार्यालयलाई पठाइएको।

४५. वित्तीय सुधार तथा बेरुजु फछ्यौंट कार्यान्वयन र अनुगमन कार्यक्रममा भएको व्यवस्था अनुसारको बेरुजु फस्यौंट कार्यलाई निरन्तरता दिई अन्तर्गतका निकायहरूमा बेरुजु फस्यौंट गर्ने गराउने सम्बन्धमा निरन्तर निर्देशन दिने कार्य जारी राखिएको ।

४६. म.ले.प. बेरुजुतर्फ आ.व. ०७६-७७ सम्मको बाँकी बेरुजु रु.२४९११७ हजार मध्ये २०७७ फागुन मसान्तसम्ममा रू. १०५६४३ हजार सम्परीक्षणको लागि अनुरोध भइ गएकोमा रू. १४१६ हजार सम्परीक्षण भई ०.५७ प्रतिशत प्रगति भएको ।

४७. पाँचौ निर्वाचन दिवस, २०७७ मनाउने सन्दर्भमा निर्वाचन सम्बन्धी कविता वाचन प्रतियोगिताका लागि आयोग तथा ७७ जिल्लाबाट कविता संकलन सम्पादन प्रशोधन तथा निर्णय मूल्यांकन फारम तयारी तथा अन्य व्यवस्थापन गरिएको ।

४८. पाँचौ निर्वाचन दिवस, २०७७ मनाउने सन्दर्भमा निर्वाचन आचार संहिता पालनामा सरोकारवालाको भूमिका सम्बन्धी अन्तरक्रिया कार्यक्रम ७७ जिल्ला निर्वाचन कार्यालयहरुबाट सञ्चालन गरिएको ।

४९. पाँचौ निर्वाचन दिवस, २०७७ को मूल नारा तथा सन्देशहरु तयार गरी डिजीटल डिस्प्ले मार्फत प्रस्तुत गरिएको ।

५०. निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जाल उपयोग नीति, २०७७ सम्बन्धी ७७ जिल्लाका जिल्ला निर्वाचन अधिकारीहरु र कम्प्यूटर अपरेटरहरुसंग अनलाइन मार्फत अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको ।

५१. निर्वाचन शिक्षा सम्बन्धी सामाजिक सञ्जालमा प्रदर्शनीका लागि आइएफइएसबाट तयार गरिएको निर्वाचन क्विज प्रारम्भिक मस्यौदा माथि प्रस्तुतीकरण र पृष्ठपोषण प्रदान गरिएको ।

५२. यस आर्थिक वर्षमा १६ जिल्ला निर्वाचन कार्यालय मार्फत सञ्चालन गरिने सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण प्रयोजनार्थ माध्यामिक विद्यालय तहमा कार्यरत सामाजिक अध्ययन शिक्षकको विवरण संकलन गर्ने कार्य गरिएको ।

५३. युएनडिपि/इएसपीको सहयोगमा प्रकाशित भई आयोगमा प्राप्त नागरिक शिक्षा प्रबद्र्धन स्रोत पुस्तिका, २०७६ विभिन्न जिल्लामा रहेको सामुदायिक अध्ययन केन्द्रलाई उपलब्ध गराउने सम्बन्धमा पत्राचार गरिएको ।

५४. मतदाता नामावली अध्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७७ को लागि जिल्ला निर्वाचन कार्यालयहरुमा २०७७ साल पुस ५ गतेसम्म संकलन गरिएका मतदाता नामावली विवरण दाबी विरोधको लागि जिल्लामा पठाइए पश्चात प्राप्त विवरणलाई केन्द्रीय सर्भरमा एकीकृत गर्ने कार्य गरिएको ।

५५. १०६६० वटा अन्तिम मतदान केन्द्र तयारी सम्बन्धि कार्य गरिएको ।

५६. अद्यावधिक भएको मतदान केन्द्र बमोजिम मतदाताहरुलाई सम्बन्धित मतदान केन्द्रमा सार्ने कार्य गरिएको ।

५७. सम्बत् २०७८ बैशाख १७ र २७ गते हुने निर्वाचनको सन्दर्भमा निर्वाचनमा प्रयोग हुने सामग्रीहरुको समूह समूह बनाई सम्बन्धित फर्महरुसँग लागत अनुमानको लागि दररेट माग गरी लागत अनुमान तथा बोलपत्र आह्वानको सूचना प्रकाशित भएको ।

५८. आ.व. ०७६।७७ को वार्षिक प्रतिवेदन तथा निर्वाचन आयोगको ऐन नियम तथा निर्देशिका छपाई गर्नको लागि कार्य भइरहेको ।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. Ref:

५९. आयोगको आ.व. २०७८/०७९ को लागि नीति तथा कार्यक्रम, बजेट तथा मध्यकालीन खर्च संरचना (MTEF) को मस्यौदा तयार गरिएको।

६०. निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागी आवश्यक तथ्याङ्क तथा विवरणहरु संकलन लागि kobo tools हरु तयार गरिएको ।

६१. बा १ झ ९९३१ नम्बरको सरकारी नम्बर प्लेटको गाडीलाई रातो नम्बर प्लेट कायम गरिदिन गृह मन्त्रालयलाई अनुरोध गरी पत्र लेखिएको ।

६२. निर्वाचन सम्बन्धी जानकारी लिन चाहनेहरूका लागि निर्वाचन सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित विभिन्न प्रश्न र उत्तरहरूको संगालो निर्वाचन प्रश्नोत्तर तयार भई आयोगबाट स्वीकृत भएको ।

६३. आयोगका कर्मचारी, ७ प्रदेशका प्रदेश निर्वाचन अधिकारी, ७० जिल्लाका जिल्ला निर्वाचन अधिकारी र नायब सुब्बाहरूका लागि अनलाईन प्रणाली मार्फत एक दिने जुम प्रविधि प्रयोग तथा सञ्चालन तालीम सम्पन्न भएको ।

६४. सचिवालयको मिति २०७७/१२/११ को निर्णयानुसार निर्वाचन सम्बन्धी ऐन संशोधन कार्यदल गठन भएको।

६५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई आएको सम्वत् २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन समानुपातिक निर्वाचन प्रणालीतर्फ रहेका नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) नामक राजनीतिक दलबाट आयोगमा बुझाएको प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीको क्रम ८८ तथा दलित समावेशी समूहभित्रको प्राथमिकता क्रम ८ मा रहनु भएकी जानकी देवी राम प्रतिनिधि सभा सदस्य पदमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम दलित समावेशी समूहबाट निर्वाचित भएको सूचना मिति २०७७।१२।३० मा नेपाल राजपत्रमा प्रकाशन भएको।

६६. रिट निवेदक अग्नि प्रसाद सापकोटा विपक्षी निर्वाचन आयोग, नेपालका माननीय निर्वाचन आयुक्तद्धय राम प्रसाद भण्डारीज्यू र डा. जानकी कुमारी तुलाधरज्यू समेत भएको २०७७ सालको रिट नं. ०७७- wo-०७११ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा माननीय आयुक्तज्यूहरूको तर्फबाट तयार भएको लिखित जवाफ, लिखितको जवाफको सार संक्षेपीकरण गुज्रेको म्याद थामी पाउँने निवेदन र ती कागजातहरूको विद्युतीयप्रति समेत संलग्न गरी मिति २०७७/१२/२ मा महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।

६७. नेपाली काँग्रेस पार्टीका तर्फबाट रोल्पा जिल्ला रून्टीगढी गाउँपालिका वडा नं. ३ बाट सम्वत् २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा निर्वाचित सदस्य लक्ष्मी घर्ती मगरले दल त्याग गरेको सूचना आयोगको बैठक संख्या ५४ मिति २०७७/१२/२ को निर्णय बमोजिम मिति २०७७/१२/४ को गोरखापत्रमा प्रकाशित भएको साथै सोको जानकारी सम्बन्धित जिल्ला निर्वाचन कार्यालय र नेपाली काँग्रेस पार्टीलाई दिइएको।

६८. आयोगमा दर्ता कायम रहेको "साझा पार्टी" नामक राजनीतिक दलको नाम परिवर्तन गरी "विवेकशील साझा पार्टी" कायम गर्ने, केन्द्रीय समितिका सदस्यहरूको विवरण, विधान संशोधन, झण्डा र लोगो राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम हेरफेर गर्ने तथा सोही ऐनको दफा ५१ को उपदफा (२) बमोजिम संशोधन र अभिलेखीकरण गरी सोको जानकारी सम्बन्धित दललाई दिने भनी आयोगबाट मिति २०७७/१२/०५ मा भएको निर्णयानुसारको जानकारी सम्बन्धित दल र सो दलले प्रतिनिधित्व गर्ने प्रदेश सभालाई दिइएको।

६९. आयोगमा दर्ता कायम रहेको "जनमत पार्टी" नामक राजनीतिक दलका केन्द्रीय समितिका सदस्यहरूको विवरण, केन्द्रीय कार्यालयको ठेगाना परिवर्तन र विधान संशोधन राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम हेरफेर गर्ने तथा सोही ऐनको दफा ५१ को उपदफा (२) बमोजिम संशोधन र अभिलेखीकरण गरी सोको जानकारी सम्बन्धित दललाई दिने भनी आयोगबाट मिति २०७७/१२/०८ मा भएको निर्णयानुसारको जानकारी जनमत पार्टीलाई दिइएको।


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. Ref:

७०. आयोगमा दर्ता कायम रहेको "नेपाल सद्भावना पार्टी" नामक राजनीतिक दलका केन्द्रीय समितिका सदस्यहरूको विवरण हेरफेर र विधान संशोधनको लागि दर्ता भएको निवेदन बमोजिम राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम हेरफेर गर्ने तथा सोही ऐनको दफा ५१ को उपदफा (२) बमोजिम संशोधन र अभिलेखीकरण गरी सोको जानकारी सम्बन्धित दललाई दिने भनी आयोगबाट मिति २०७७/१२/१३ मा भएको निर्णयानुसारको जानकारी "नेपाल सद्भावना पार्टी" लाई दिइएको।

७१. आयोगमा दर्ता कायम रहेको "माओवादी जनमुक्ति पार्टी नेपाल" नामक राजनीतिक दलका केन्द्रीय समितिका सदस्यहरूको विवरण हेरफेरको लागि दर्ता भएको निवेदन बमोजिम राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम हेरफेर गर्ने तथा सोही ऐनको दफा ५१ को उपदफा (२) बमोजिम संशोधन र अभिलेखीकरण गरी सोको जानकारी सम्बन्धित दललाई दिने भनी आयोगबाट मिति २०७७/१२/२३ मा निर्णायानुसार भएको निर्णयानुसारको जानकारी माओवादी जनमुक्ति पार्टी नेपाल" लाई दिइएको।

७२. सर्वोच्च अदालतको आदेश बमोजिम "नेपाल कम्युनिष्ट पार्टी (एमाले)" र "नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)" लाई सुधारिएको विवरण पेश गर्न भनि पत्राचार गरिएको।

७३. स्वमूल्याङ्कन सम्बन्धमा राय सुझाव दिनको लागि संघ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई पत्राचार गर्ने भनी आयोगबाट मिति २०७७/१२/२३ मा भएको निर्णयानुसार सम्बन्धित दललाई पत्राचार गरिएको।

७४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा) सिंहदरबार, काठमाडौंमा आयोगको सवारी साधनको विवरण पठाइएको ।

७५. ठेक्का नं. DEO/Ramechhap/NLB/Work/ 01/73/74 को म्याद थप सम्बन्धमा जिल्ला निर्वाचन कार्यालय रामेछापलाई पत्र पठाइएको ।

७६. डाटा सेन्टर निर्माणको लागि पेश भएको बोलपत्र रद्द भई मिति २०७७।१२।२४ मा पुनः बोलपत्र आव्हान सूचना प्रकाशित गरिएको ।

७७. ७ प्रदेश निर्वाचन कार्यालय र ७० जिल्ला निर्वाचन कार्यालयहरूबाट ५४५१ महिला र पुरुष ८४१६ गरी जम्मा १३८६७ जना मतदाताहरूको नाम मतदाता नामावलीमा दर्ता भएको र १६१३ जना मतदाताबाट विवरण अद्यावधिकको लागि निवेदन प्राप्त भएको ।

७८. मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम तथा मापदण्ड, २०७८ को तयारी गरीएको ।

७९. दैनिक आर्थिक कारोबार तथा मासिक प्रतिवेदनहरू तयार गरी सम्बन्धित निकायमा पेश गरिएको ।

८०. वित्तीय सुधार तथा बेरूजु फछ्र्यौट कार्यान्वयन र अनुगमन कार्यक्रममा भएको व्यवस्था अनुसारको बेरूजु फछ्र्यौट कार्यलाई निरन्तरता दिई अन्तर्गतका निकायहरूमा बेरूजु फस्यौंट गर्ने गराउने सम्बन्धमा निरन्तर निर्देशन दिने कार्य जारी राखिएको ।

८१. म.ले.प. बेरूजुतर्फ आ.व. ०७६-७७ सम्मको बाँकी बेरूजु रू.२,४९,११७ हजार मध्ये २०७७ चैत मसान्तसम्ममा रू. १,१२,०३६ हजार सम्परीक्षणको लागि अनुरोध भइ गएकोमा रू. १,०४,०७१ हजार सम्परीक्षण भई ४१.७८ प्रतिशत प्रगति भएको ।

८२. आयोगको आर्थिक वर्ष २०७८/७९ को लागि नीति तथा कार्यक्रम र बजेट तयार गरी सम्बन्धीत निकायमा पेश गरिएको तथा आर्थिक सर्वेक्षण र मध्यमकालीन खर्च संरचनाको मसौदा तयार गरिएको ।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. Ref:

८३. निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनका सन्दर्भमा सुदुरपश्चिम प्रदेशको राजधानी धनगढीमा सरोकारवालाहरू बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।

८४. आयोगको निर्णय बमोजिम अद्यावधिक गर्नुपर्ने, थप गर्नु पर्ने र हटाउनु पर्ने मतदान केन्द्रहरूको विवरण BBVRS (Biometric Based Voter Registration System) मा अद्यावधिक गरी DCA Patch तयार गर्ने कार्य गरिएको ।

८५. आयोगबाट स्वीकृत २०७७ पुस ५ गते सम्म १८ वर्ष उमेर पुगेका मतदाता नामावलीमा नाम दर्ता भएका मतदाताहरूको अन्तिम मतदाता नामावली लाई वेबसाइटमा प्रकाशित गर्ने कार्य गरिएको ।

८६. २०७७ पुस ५ गते १८ वर्ष उमेर पुगेका मतदाताहरूको अन्तिम मतदाता नामावलीको आधारमा स्थानीय तहगतरूपमा फोटोसहितको मतदाता नामावलीको PDF File तयार गर्ने कार्य सुरू गरिएको ।

८७. आयोगको इन्टरनेट तथा सूचना प्रविधि सम्बन्धी प्रणाली तथा उपकरणहरूको नियमित मर्मत सम्भार तथा सञ्चालन सम्बन्धी कार्य गरिएको ।

८८. जिल्ला निर्वाचन कार्यालयहरूमा DCA, DVLA, IEIMS हरूमा देखिएका समस्याहरू समाधान गर्न प्राविधिक सहयोग प्रदान गरिएको ।

८९. नियमित प्रशासनिक काम कारवाही जस्तै : परिपत्र, काज, बिदा, सरूवा, रमाना, पदस्थापन, सरूवा सहमति, महाशाखा/शाखा तोक्ने, अधिकार प्रत्यायोजन, नियमित अनिवार्य अवकाश, सवारी अनुमति, आर्थिक अख्तियारी, स्तर वृद्धि, सेवा करार लगायतका विषयका काम कारवाही गरिएको ।

(सूर्य प्रसाद अर्याल)
सूचना अधकारी


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np